## इलाम जिल्लाको नेपालटारमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाद्वारा

# ब्यवसायिक किवी/एभोकाडो खेती तालिम सम्पन्न




काठमाण्डौ नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका ३० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ पौष २ देखि ४ गतेसम्म इलाम जिल्लाको नेपालटारमा **"ब्यवसायिक किवी तथा एभोकाडो खेती तालिम"** सम्पन्न गरेको संस्थाका इलाम शाखा कार्यालयका शाखा प्रमुख श्री शिबराज काफ्लेले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु श्री अनन्तमणी भट्टराई र श्री बिकाश खनाल रहेका थिए ।

लघु उद्यमीलाई विकास गर्न र एक परिवारमा एक जना उद्यमी बनाउन पहल गरीरहेको संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रमुख श्री जगत भट्टराइले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्यका बारेमा संस्थाका इलाम शाखाप्रमुख श्री शिबराज काफ्लेले प्रकाश पारेका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था देशको ७७ वटै जिल्लाहरुमा शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त वित्तीय संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा प्रदान गरिरहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

सीपमूलक तालिम, उद्यमशील विकास तालिम, वित्तीय साक्षरता व्यवसायीक साक्षरता र सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, वौंद्धिक विकास गर्दै आईरहेको छ । संस्थाले देशको अति दुर्गम स्थानहरुमा पनि शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ । संस्थाले २०७६ कार्तिक मसान्त सम्ममा ३ लाख ६६ हजार ५४० घरपरिवारहरुमा सेवा विस्तार गरेको छ। संस्थाले २०७६ कार्तिक मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. २० अरब २४ करोड रहेको छ भने ग्राहक सदस्यहरुका ११ अरब ७७ करोड बचत परिचालन गरेको छ ।



बर्तमान समयमा किवी तथा एभोकाडो खेतीको महत्व र यसको आवश्यकताको बारेमा परिचय दिंदै किवी तथा एभोकाडोको बिरुवा नर्सरी त्यसलाई चाहिने उचित किसिमको माटो, कटिङको लागी चाहिने औजार त्यसमा लाग्न सक्ने संभाबित रोग तथा किराको उपचार तथा रोकथाम, मलखादको प्रयोग, सिंचाई तथा ब्यवस्थापन, बजार ब्यवस्थापन लगायतका बिषयहरुमा बिशेषज्ञ प्रविधिकहरु मार्फत तालिम प्रदान गरिएको थियो । बचत परिचालन र बचतका फाईदाहरु संस्थाका सेवाहरुको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको यस शाखाका शाखाप्रमुखले बताएका थिए । ब्यवसायिक रुपमा किवी तथा एभोकाडो खेती गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीपप्रदान गरी ब्यवसायिक सफलताको लागि तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय प्रमुख श्री जगत भट्टराईले जानकारी गराएका थिए ।

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

तालिमको अन्त्यमा सहभागीहरु श्री ओम बहादुर कटुवाल र श्री स्बिकृती प्रभा राईले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा किवी तथा एभोकाडो खेती गरि आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरुलाइ ब्यवसायमा प्रयोग गरि ब्यवस्थित र आधुनिक तरिकाले ब्यवसायसञ्चालन गर्ने सहभागीहरुले बताएका थिए ।




Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved.